॥श्री॥

# उच्च अदालत विराटनगर

## (प्रशासन शाखा)

रजिष्ट्रार :- ५१७११७
प्रशासन :- ५१२८०२
Email:
info.hcbiratnagar@supremecourt.gov.np
appealcourt.brt@gmail.com
Website: www.supremecourt.gov.np

पत्र संख्या :- ०७७।७८
चलानी नं. :-

उच्च अदालत विराटनगर
२०७२

मिति :-२०७८/१/१९

## सूचना ! सूचना !! सूचना!!!

हाल विश्वभर नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण बढीरहेको र नेपालमा पनि तीव्र गतिमा यसको प्रभाव फैलिरहेको सन्दर्भलाई ध्यानमा राखी सो को जोखिम नियन्त्रण र रोकथामका लागि सरकारी कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु पनि आवश्यकता अनुसार संकुचन गर्न नेपाल सरकारबाट मिति २०७८।१।१६ मा आदेश जारी भएको र यस जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय, मोरङबाट पनि मिति २०७८।१।१८ गते मध्यराती देखि लागू हुने गरी निषेधाज्ञाको आदेश जारी भएको हुँदा जिल्ला प्रशासन कार्यालय, मोरङबाट जारी भएको निषेधाज्ञाको अवधिभर यस अदालतबाट प्रवाह हुने सेवाहरुलाई देहाय बमोजिम व्यवस्थापन गर्ने गरी मिति २०७८।१।१९ गते बसेको पूर्ण बैठकबाट निर्णय गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

**निर्णय:**

१. देहाय बमोजिमका काम कारबाही र सेवाहरु यथावत सुचारु रहने -
   - क. बन्दीप्रत्यक्षीकरणको निवेदनको दर्ता र सुनुवाइ। दिनको १.३० बजेसम्म दर्ता हुने निवेदनहरु सोही दिन र त्यसपछि दर्ता हुने निवेदनहरु भोलिपल्ट सुनुवाई गर्ने।
   - ख. पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी स्वीकृती र म्याद थप
   - ग. अभियोग पत्र दर्ता र थुनछेकको कारबाही
   - घ. मिलापत्र र मुद्दा फिर्ता
   - ङ. फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम पर्ने निवेदनहरुको दर्ता र सुनुवाइ
   - च. बालबालिकासंग सम्बन्धित निवेदनहरुको सुनुवाइ
   - छ. सजाय निर्धारणको सुनुवाई
   - ज. कोभिड-१९ सँग सम्बन्धित रिट निवेदनको दर्ता र सुनुवाई

२. माथि उल्लेख गरिए देखि बाहेकका यस अदालतबाट प्रवाह हुने अन्य काम कारबाही र सेवाहरु स्थगन हुने

३. काम कारबाही र सेवा स्थगन भएको अवधिमा पर्ने हदम्याद, म्याद र तारिख नगुज्रने

४. सेवा स्थगन भएको अवधिमा संचालनमा रहने सेवाका लागि आवश्यक पर्ने संख्यामा मात्र न्यायाधीश र कर्मचारीहरु अदालतमा उपलब्ध हुने गरी आलो पालो प्रणाली अपनाई भिडभाडलाई नियन्त्रण गर्ने

२०७८।१।१९

.......................
(मणिराम पोखरेल)
उप-रजिस्ट्रार